## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः १३-२०७९/०८०

मिति २०७९/१२/०७ समय: दिनको १:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| **नामथर** | **पद** |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/१२/०७**

**वैठक संख्या: १३-२०७९/०८०**

**प्रस्तावहरु:**

१. समीक्षा सम्बन्धमा ।
२. अभिलेख डिजिटलाईजेसन प्रोत्साहन खर्च सम्बन्धमा ।
३. गाउँपालिका भवनमा मार्बल राख्ने सम्बन्धमा ।
४. IEE स्वीकृत सम्बन्धमा ।
५. कृषि पूर्वाधार कार्यक्रम छनौट सम्बन्धमा ।
६. आयोजना सच्याइएको सम्बन्धमा ।
७. क्रादी र चापखोला नदीघाट प्रभावित क्षेत्रमा कार्यक्रम छनौट सम्बन्धमा ।
८. गाउँपालिका भवन भाडा सम्बन्धमा ।
९. "घ" वर्ग निर्माण इजाजत दिने सम्बन्धमा ।
१०. सुन्तला परियोजना निरन्तरता कार्यक्रम वडा नं. २ नरममा गर्ने सम्बन्धमा ।
११. घिनाटार टाउनचोक सडक आयोजनामा खानेपानी पाइप लाईन विछ्याउने सम्बन्धमा ।
१२. शालिग्राम करिडोरको सुख्खा पहिरो हटाउने सम्बन्धमा ।
१३. वडा स्तरको आयोजना सम्पन्न गर्ने वडालाई प्रोत्साहन गर्ने सम्बन्धमा ।
१४. देवघाट गाउँपालिका क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न प्रचार प्रसार सम्बन्धमा ।
१५. शालिग्राम करिडोरको रुख व्यवस्थापनका लागि विद्युत लाईन सटडाउन गर्ने सम्बन्धमा ।
१६. सम्झौता गर्ने सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १:** यस अधिको कार्यपालिका वैठकको निर्णयको कार्यान्वयन प्रगतिको समीक्षा गरियो ।

**निर्णय नं. २:** कार्यालयको शुरु देखिका महत्वपूर्ण अभिलेखहरु डिजिटलाईजेशन गर्नको लागि बिहान, बेलुकी तथा बिदाको दिन काम गर्ने गरी कार्यालयका कर्मचारीहरु खटाउने र खटिने कर्मचारीहरुलाई खाजा, खाना लगायत प्रोत्साहन स्वरुप प्रति पेज रु. ५ नगद भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३:** निर्माणाधिन गाउँपालिका भवनमा साविक इष्टिमेट तथा BOQ मा १६ देखि १८ एम.एम. मार्बल भएता पनि हाल बजारमा उक्त साइजको मार्बल अभाव भएको भनि प्रतिवेदन प्राप्त भएको तथा कम पातलो मार्भल राख्दा भवनलाई कम लोड हुने हुँदा १२ देखि १४ एम.एम. को मार्बल राख्ने गरी निर्माण व्यवसायी फर्म (ठेकेदार) लाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** देवघाट ५ नक्सा नं. ४ क कित्ता नं. २५२६ बाट माटो उत्खनन गर्न देवघाट ५ का मन बहादुर गुरुङ प्रस्तावक भई पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरियो । साथै ४००० घ.मि. माटो मात्र उत्खनन गर्न दिने निर्णय गरियो ।

कार्यपालिकाको कार्यालय
तनहुँ
प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ५:** कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रबाट प्राप्त पत्र अनुसार आगामी आ.व. २०८०/०८१ को सशर्त वित्तिय हस्तान्तरण कार्यक्रमको लागि वडा नं. १ कोटा सिंचाई संरचना निर्माण कार्यक्रम छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६:** अघिल्लो वैठक निर्णय नं. १६ मा उल्लेख भएको बसन्तपुरको ठाउँमा सच्याई देवघाट कायम गरिएको छ ।

**निर्णय नं. ७:** चापखोला र क्कादीखोला नदीघाट प्रभावित क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन गर्दा गाउँपालिकालाई प्राप्त हुने राजश्वको १५ प्रतिशतले हुने रकम बराबरको आयोजना सम्बन्धित वडा कार्यालयले छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८:** गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन सम्पन्न नहुँदा सम्म हाल भाडामा लिई प्रयोग गरेको भवनहरु नै प्रयोग गर्ने तथा प्रत्येक २ वर्षमा भाडा रकमको १० प्रतिशतले वृद्धि हुने रकम समेत घरधनीलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९:**विद्येश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स, देवघाट-५ लाई "घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र दिने निर्णय गरियो ।

**निर्णय नं. १०:** वडा नं. ३ सुन्तला पकेट क्षेत्रको तर्फबाट देवघाट साना किसान कृषि सहकारी संस्था एक हप्तासम्म पनि सम्झौता गर्न नआएमा वडा नं. २ मा पर्ने सुन्तला पकेट क्षेत्र नरममा सुन्तला पकेट फलफुल निरन्तरता कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:** घिनाटार टाउनचोक सडक कालोपत्र आयोजनामा पर्ने खानेपानी पाइप लाईन नयाँ जडान तथा पुरानो पाईपलाईन व्यवस्थापन गर्न देवघाट खानेपानी उपभोक्ता समितिलाई रु. १०,००,०००/- (दश लाख) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२:** शालिग्राम करिडोर वडा नं. २ खरखरेमा निरन्तर सुख्खा पहिरो गई सडक अवरुद्ध भइरहने भएकोले सडक खुलाउन निरन्तर सडक सफाई गरिरहने र लाग्ने खर्च मर्मत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३:** २०७९ जेष्ठ १५ भित्र वडा स्तरका आयोजना सम्पन्न गरी भुक्तानी माग फाइल गाउँपालिकामा पेश गर्ने वडालाई आगामी आ.व. मा थप रु. १५,००,०००/- (पन्ध्र लाख रुपैया) र जेष्ठ मसान्तसम्म भुक्तानी माग फाईल पेश गर्ने वडालाई रु. १०,००,०००/- (दश लाख रुपैया) बराबरको आयोजना प्रोत्साहन स्वरुप स्वीकृत गर्ने तथा वडा सचिव र वडा प्राविधिकलाई थप रु. २० हजार प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४:** देवघाट गाउँपालिकामा क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न तथा अन्य भौतिक पूर्वाधारको अध्ययन अवलोकन गरी प्रचार प्रसार प्रशारण तथा छायांकन गर्न पत्रकार सहितको टोलीले भ्रमण गर्ने र लाग्ने खर्च पत्रपत्रिका सञ्चारबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:** शालिग्राम करिडोर सडकमा सडक स्तरोन्नती गर्न रुखको व्यवस्थापन गर्न विद्युत लाईन सटडाउन गर्न लाग्ने खर्च गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. १६:** शालिग्राम करिडोरमा पर्ने चाँप खोला र कादी खोलाबाट २६८९१ घ.मि. नदिजन्य पदार्थ उत्खनन गर्न ५० प्रतिशत अग्रिम किस्ता रकम लिई भानु-८ तनहुँको बुलेट कन्स्ट्रक्सन सँग सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष